# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेलबारी, मोरङ
## १ नं. प्रदेश, नेपाल

### शिलबन्दी दरभाउ आव्हानको सूचना

*सूचना नं. १० (प्रथम पटक प्रकाशित मिति २०७६।१०।०८)*

यस कार्यालयबाट तपशिलमा उल्लेखित निर्माण कार्य खरीद प्रकृयाबाट गराउनु पर्ने भएकोले ईच्छुक ईजाजत पत्र प्राप्त फर्म वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको लाहाछाप लगाई शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

शर्तहरु:

१. ईच्छुक योग्यता पुगेका सिलबन्दी सूचना दरभाउपत्रदाताहरुले १५ औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरि तपसिल बमोजमिको नगदै तिरी नगदी रसिदका साथ आ.ब. २०७६।०७७ को लागी नवीकरण भएको ईजाजतपत्र, स्थायी लेखा नम्बर तथा मु.अ.कर दर्ता प्रमाणपत्र र आ.ब.२०७५।०७६ को कर चूक्ता गरेको पत्रको प्रमाणित प्रतिलिपी तथा सम्बन्धित निकायबाट "घ" वर्गको निर्माण सम्बन्धित ईजाजतपत्र संलग्न राखी दरभाउपत्र यस कार्यालयबाट खरीद गर्न सकिनेछ ।

२. शिलबन्दी दरभाउपत्र दाताहरुले सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यलयमा दर्ता गराई सक्नु पर्नेछ । प्राप्त दरभाउपत्र सोही दिन दिनको २.०० बजे यस कार्यालयका प्रतिनिधि, दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा नियमानुसार खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि उक्त दरभाउपत्रहरु खोल्न वाधा पर्ने छैन ।

३. दरभाउपत्र साथ तपसिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक लि. वेलवारी शाखा स्थित धरौटी खाता नं.२४३०३०३००७१०३ मा दाखिला गरेको सक्कल भौचर वा कम्तीमा दरभाउपत्रको लागी ७५ दिनको म्याद भएको दरभाउपत्र कागजातमा दिईएको नमुना अनुसारको शर्तहरु उल्लेख गरी मान्यताप्राप्त "क" वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममाजारी भएको सक्कल दरभाउपत्र जमानत (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ ।

४. दरभाउपत्र भर्दा प्रत्येक आईटमको दररेट अंक र अक्षरमा स्पष्ट हुने गरि लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

५. रीत नपूगी वा म्याद नाघी आएका दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

६. दर्ता भएका दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. दरभाउपत्र पेश गर्दा पेश गर्नेको पत्राचार ठेगाना, सम्पर्क फोन नं., ईमेल नं. स्पष्टसंग लेख्नुपर्ने छ ।

८. दरभाउपत्र पेश गर्दा खामको बाहिर माथि कामको विवरण लेखि तल यस कार्यालयको नाम लेख्नु पर्नेछ ।

९. खरीद कारवाहीमा भागलिन अयोग्य छैन भन्ने सार्वजनिक खरिद नियमावली बमोजिमको दरभाउपत्रदाताले स्वं:घोषणापत्र पेश गर्नु पर्नेछ ।

१०. यस सम्बन्धि अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सकिनेछ । र यस कार्यालयको वेभ साईट http:/www.belbarimun.gov.np मा समेत हेर्न सक्नु हुनेछ ।

११ दरभाउपत्र खरीद र दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिन खरीद तथा दर्ता गरीनेछ ।

१२. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियामवली २०६४ तथा प्रचलित अन्य कानून बमोजिम हुनेछ ।

तपशिल

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम रु. (भ्याट वाहेक) | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर रु. | खरिद प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १. | BM/MOR/W/SQ-02-076/077 | लोहन्द्रा खोला नाका अस्फाल्ट सडक निर्माण बेलबारी १ | रु १७,५५,१९२।४३ | रु ५३,०००।०० | रु १०००। | शिलबन्दी दरभाउपत्र |

प्रमुख प्रशासकीय अधिकृत